गौमुल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को

# नीति तथा कार्यक्रम

गौमुल गाउँपालिका

घट्मुना, बाजुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

२०८२ असार १० गते

# दोस्रो गाउँसभाको ७ औ अधिवेशनमा प्रस्तुत
# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

सर्वप्रथम यस सम्मानित गाउँसभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरू, गाउँसभाका सचिवज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी वर्ग लगायत उपस्थित सबै महानुभावहरूलाई यस गरिमामय सभामा हार्दिक स्वागत गर्दै यहाँहरुको अर्थपूर्ण उपस्थितिका लागि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**गाउँसभाका सदस्यज्यूहरू,**

समन्यायिक व्यवस्थाको सुनिश्चितताका लागि इतिहासको विभिन्न कालखण्डमा आफ्नो ज्यानको वलिदान समेत दिइ योगदान दिनुहुने वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । यसका साथै व्यवस्था परिवर्तनका क्रममा घाइते हुनुभएका महानुभावहरुमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

आज मिति २०८२ साल असार महिनाको १० गतेका दिन यस गरिमामय दोस्रो गाउँसभाको ७ औं अधिवेशनमा गौमुल गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा समग्र गौमुलबासी प्रति आभार व्यक्त गर्दै आफूलाई गौरवान्वित महसुस गरेको छु ।

विकास एक निरन्तर अघि बढ्ने प्रक्रिया भए पनि समय परिस्थिति र आवश्यकतामा आधारमा विकासमूलक गतिविधिहरूको प्राथमिकीकरण र सबै प्रकारको स्रोतको विश्लेषण मार्फत अगाडि बढ्न सक्नु हाम्रो पहिलो दायित्व हुने भएकोले यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमले समृद्ध गौमुल निर्माणको मार्गमा कदम चाल्नेछ भन्ने विश्वास लिएको छु ।

यस गौमुल गाउँपालिकाको समावेशी र सहभागितामूलक विकास मार्फत समृद्ध गौमुल निर्माणको मार्गमा अगाडि बढ्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय, प्रादेशिक तथा स्थानीय तहले तयार गरेका कानुन, गौमुल गाउँपालिकाले तयार गरेको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना र राष्ट्रिय/अन्तर्राष्ट्रिय मापदण्डहरूका अतिरिक्त गौमुलबासीहरुको विकासप्रतिको चाहना र अमूल्य सुझाव, स्थानीय तहहरू बीचको सहअस्तित्व, समन्वय र सहकार्यमा गौमुल गाउँपालिकामा आर्थिक, सामाजिक तथा वातावरणमैत्री र दिगो पूर्वाधार विकासको सुनिश्चित गर्दै कृषि उपज वस्तुको निर्यातमा वृद्धि गर्ने गरि यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरिएको कुरा यस सम्मानित सभा समक्ष निवेदन गर्न चाहन्छु।

**गाउँसभाका सदस्यज्यूहरू,**

नेपाल सरकारको वृहत् सोचका रूपमा रहेको **समृद्ध नेपाल र सुखी नेपाली** तथा सोह्रौं योजनाको दीर्घकालीन सोच **सुशासन, सामाजिक न्याय र समृद्धि** लाई आधार लिइ गौमुल गाउँपालिकामा प्राप्त स्रोत र यहाँका आवश्यकताहरूको विश्लेषण गर्दै **गौमुल गाउँपालिकाको सुशासन, दिगो विकास र समृद्धि** दीर्घकालीन सोच सहितको आवधिक योजना तयार भई सोहि आवधिक योजनाले लिएका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने गरि यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गरिएको छ । यस नीति तथा कार्यक्रममा वातावरणमैत्री विकास, जलवायु उत्थानशीलता र समावेशी र समतामूलक विकास प्रणालीमा आधारित भई विकास योजनाहरूको प्राथमिकीकरण गरिएको हुँदा सबै प्रकारका विकास साझेदार निकायहरूको सहकार्यका लागि मार्ग प्रशस्त गरिएको कुरा पनि अवगत गराउन चाहन्छु ।

**कर बाध्यताले हैन रहरले तिरौं** भन्ने मूल मर्मलाई साकार पार्दै जिम्मेवार नागरिक तयार गर्नु आजको आवश्यकता हो । आत्मनिर्भरमुखी विकास प्रणाली अवलम्बन गर्न सकिएको खण्डमा मात्र समावेशी एवम् दिगो विकासको परिकल्पना गर्न सकिने भएको हुँदा गौमुल गाउँपालिकामा रैथाने बाली, फलफूल, जडीबुटी उत्पादनमा वृद्धि र उत्पादित वस्तुको राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा गौमुलको पहिचान सहित बजारीकरणको सपना साकार पार्न योगदानमा आधारित कृषि–पशुपालन क्षेत्रमा अनुदान र कृषि प्रणालीमा प्रविधिकरणमा जोड दिँदै प्रत्येक वडा केन्द्र सम्म बाह्रै महिना चल्ने सडक सञ्जाल, आफ्नो उत्पादन तथा आम्दानीले बाह्रै महिना खानपुग्ने परिवारको संख्या वृद्धि, स्थानीयस्तरमा नै सर्वसुलभ स्वास्थ्य सेवा र विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जीवन उपयोगी शिक्षामा लगानीलाई प्रमुख प्राथमिकता दिइएको छ ।

गौमुल क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा अगाडि बढाउन सकिएको खण्डमा यहाँ उत्पादित कृषि उपज वस्तुलाई कृषि–पर्यटन(Agro-Tourism) उद्यमशिलता मार्फत सहज बजारीकरण गर्न टेवा पुग्ने छ भने गौमुलको जलस्रोतको सहि सदुपयोग गर्दै ऊर्जा, सिँचाइका अतिरिक्त पानी प्रशोधन तथा बजारीकरण उद्योग मार्फत गौमुल–जल परियोजना सञ्चालन जस्ता दीर्घकालीन अर्थतन्त्र सुधारका कार्यक्रमहरू यस नीति तथा कार्यक्रममा समावेश गरिएको कुरा म यस गरिमामय सभामा अवगत गराउन पाउँदा अत्यन्त खुसी महसुस गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीयले तह आवधिक, वार्षिक र रणनीतिक योजनाहरू तय गरि लागू गर्दै जानु पर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको सोह्रौं योजनाले लिएका परिमाणात्मक लक्ष्यहरू पूरा गर्न र दिगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्यहरुलाई आधार मानि विभिन्न चरणहरूको सहभागितामूलक प्रक्रियाबाट यो आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार भएको छ ।

अब म समृद्ध गौमुल निर्माणका लागि अवसर र चुनौतीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) विद्यमान अवसरहरू**

- खेती योग्य जमिन, सिँचाइका लागि प्रशस्त जलाधार, पशु पन्छी पालनका लागि प्रशस्त वन जङ्गल र उर्वरा माटोमा कृषकहरूले कुनै पनि विषादी प्रयोग नगरि खेतीपातीको अभ्यास गरि राखेको,
- व्यवसायिक कृषि तथा पशु पन्छी पालन मार्फत कृषि उपजको मात्रा वृद्धि गर्न सकिएको खण्डमा बजारीकरणका प्रशस्त वैकल्पिक अवसरहरू रहेको,
- कृषि तथा पशु पन्छी पालनमा यान्त्रिकरण गर्दै महिला तथा युवाहरूलाई स्थानीयस्तरमा नै हरित रोजगारीमा जोड्न सकिने,
- खनिज तथा खानीको सम्भावना देखिएका क्षेत्रमा अध्ययन अनुसन्धान मार्फत वस्तुस्थितिको विश्लेषण गरि उद्योग स्थापना गर्न सकिएको खण्डमा रोजगारीका अवसर सृजना गर्न सकिने

**(ख) विद्यमान चुनौतीहरू**

- भौगोलिक विकट्ताका कारण सबै वडाहरूमा नियमित र गुणस्तरीय सडक सञ्जाल विस्तार गर्न अझै केही समय लाग्ने देखिन्छ,
- प्राकृतिक प्रकोपको दृष्टिकोणले गौमुल उच्च जोखिममा रहेको र समय-समयमा घट्ने विपदका घटनाहरुले धन जनको क्षति हुँदा अनपेक्षित आर्थिक व्यय-भार बढ्ने गरेको छ,
- आम समुदायलाई परम्परागत र निर्वाहमुखी कृषि प्रणालीबाट व्यवसायिकता तर्फ उन्मुख गराउन समय लाग्ने देखिन्छ,
- वैदेशिक रोजगारी प्रति आकर्षित युवालाई स्वदेशमै स्वरोजगारका अवसरहरूमा जोड्न समय लाग्ने देखिन्छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**(क) पूर्वाधार विकास तर्फ**

- रनेडा देखि वडा नं. २ को वडा केन्द्र सम्म ५ कि.मि. सडकको नयाँ ट्र्याक खोली वडा केन्द्र सम्म यातायात सञ्चालन गर्ने कार्य सम्पन्न भएको छ,
- देवस्थली आ वि को भवन निर्माण सम्पन्न
- अम्लिश मा वि भवन निर्माणको काम संचालनमा रहेको
- वडा नं ४ को वडा कार्यालयको भवन निर्माणाधिन अवस्थामा रहेको
- सत्य र घटाल आ विको भवन निर्माण सम्पन्न
- माडी खोला ट्रष पुल निर्माण सम्पन्न
- ६ वटा वडा कार्यालय मध्ये ५ वडा कार्यालयको केन्द्र सम्म सडक पहुच पुगेको
-

**(ख) सामाजिक विकास तर्फ**

- गाउँपालिकाको केन्द्रमा रहेको आधारभूत अस्पत्तालमा आवश्यक प्रविधिहरु थप गरि एम.वि.वि.एस. डाक्टर सहित गुणस्तरीय एवम् सर्वशुलभ तरिकाले स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ,
- प्रत्येक वडाको टोल टोलमा गई स्वास्थ्य शिविर संचालन गरिएको छ।
- नागरिक आरोग्य केन्द्रद्वारा पालिकाका विभिन्न स्थानहरुमा शिविर संचालन गरिएको छ।

**(ग) आर्थिक विकास तर्फ**

- गाउँपालिकामा जम्मा १२ जना कृषकहरूलाई व्यवसायिक कृषि तर्फ उन्मुख गराउन लागत साझेदारीमा आधारित अनुदान प्रणाली लागू गरिएको छ,
- सिजन अनुसारका उन्नत जातका तरकारी विउ विजन , खाध्यान्न बाली गहुँ र दलहन बाली वितरण गरिएको छ।
- रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गरिएको छ।
- कृषि उत्पादनमा वृद्धि गर्न साना सिचाँई योजना निर्माण गरिएको छ।

**(घ) वन वातावरण तथा विपद् व्यवस्थापन र जलवायु उत्थान तर्फ**

- विपद्को कारण क्षति भएका सम्पूर्ण घरपरिवारलाई राहत वितरण तथा वैकल्पिक व्यवस्थापन मार्फत पुनर्स्थापना गर्ने कार्य सम्पन्न भएको छ,

**(ङ) संस्थागत विकास तथा सुशासन तर्फ**

- गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरूको सामाजिक लेखापरीक्षण सम्पन्न गरिएको छ,
- पालिकाले आवधिक योजना, मध्यमकालीन खर्च संरचना निर्माण गरेको छ
- संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गरेको छ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरेको छ।

**गाउँसभाका सदस्यज्यूहरू,**

अब म यस आर्थिक वर्ष २०८२/०८३ का लागि विभिन्न विषयगत तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक विकास तर्फ

**(क) <u>कृषि, खाद्य सुरक्षा र पशु पन्छी पालन</u>**

- कोदो, जौं, चिनो, कागुन र फापर जस्ता रैथाने बाली उत्पादनका लागि कृषकहरूलाई व्यवसायीकरणमा लागत साझेदारी अनुदान उपलब्ध गराइनेछ ।
- वडा नं. १, २ र ३ मा आलु र सिमीको पकेट विकास कार्यक्रम सञ्चालन गरिने छ।
- वडा नं. १ देखि ६ सम्म फलफूल पकेट विकास कार्यक्रम सञ्चालन गरिने छ ।

- वडा नं. १ देखि ६ सम्म जडीबुटी खेती विकास कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा व्यवसायिक जडीबुटी उत्पादक कृषक विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्य सुरक्षाको प्रत्याभूतिका लागि स्थानीय बालीको वीउँ संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- मसला बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस वर्ष बेसार खेतीमा आबद्ध कृषकहरू मध्ये व्यवसायिक बेसार खेती गर्न चाहने कृषकलाई लागत साझेदारीतामा आधारित अनुदान उपलब्ध गराउने नीति लिइनेछ
- अन्य मसलाबाली खेती विस्तारका लागि कृषकहरूलाई सहयोग गर्ने नीति लिइनेछ ।
- सामूहिक तथा करार खेती अन्तर्गत यस वर्षका लागि प्रति वडा कम्तिमा २ वटा समूह पहिचान गरि लागत साझेदारीतामा आधारित अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- प्राङ्गारिक खेती विस्तारका लागि कृषक पाठशाला कार्यक्रम अन्तर्गत स्थानीयस्तरमा **कृषकहरूको बारीमा कृषि प्राविधिक** नीति अबलम्बन गरि **कृषक पाठशाला** Farmers' Field School (FFS) कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले आर्थिक सर्वेक्षण मार्फत गरिबीको स्तरीकरण गरि **क** र **ख** वर्गमा पर्ने घरपरिवारले कुनै पनि व्यवसायिक कृषि वा पशुपन्छी पालन गर्न चाहेको खण्डमा वीउँविजन, औषधी तथा कृषि औजार निःशुल्क उपलब्ध गराउने र जग्गा भाडामा उपलब्ध गराउन सहजीकरण गर्ने रणनीति अबलम्बन गरिनेछ ।
- स्थानीय भेडा च्याङ्ग्रा पालक कृषकहरुलाई व्यवसायिक बनाउन लागत साझेदारीतामा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय पशुको नश्ल सुधार तथा पशुपन्छीको उपचार कार्यक्रमका लागि **कृषकको गोठमा पशुविज्ञको उपस्थिति** कार्यक्रम सञ्चालन गरिनेछ ।
- **एक वडा एक व्यवस्थित एग्रोभेट कार्यक्रम** अन्तर्गत एग्रोभेट सञ्चालन गरेका वा गर्न चाहेका युवाहरुलाई लागत साझेदारीतामा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपन्छी तथा कृषिमा विमा कार्यक्रम प्रभावकारीरुपमा लागू गर्न हरेक वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकास्तरीय कृषि उपज वस्तुको सङ्कलन गरि बजारीकरण गर्न सङ्कलन केन्द्रको स्तरोन्नती गर्ने रणनीति लिइनेछ ।

**(ख) सिँचाइ**

- यस आर्थिक वर्षमा गाउँपालिकाका हरेक वडामा कम्तिमा १ वटाका दरले जम्मा ६ वटा ठूला सिँचाइ आयोजनाहरू सम्पन्न गरिनेछ ।

- हाल सञ्चालनमा रहेका तर जीर्ण अवस्थामा रहेका सिँचाइ योजनाहरूको अवस्था अध्ययन गरि सिँचाइ कुलो मर्मत गर्ने कार्य समयमा नै सम्पन्न गरिनेछ ।
- वडा नं ६ को दडिपाटामा लिफ्ट सिँचाइ योजना निर्माण गरि खेती योग्य जमिनमा सिँचाइ सुविधा पु¥याईने छ ।

**(ग) पर्यटन संस्कृति र सम्पदा**

- गौमुल पर्यटन क्षेत्र विकासका लागि पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।
- घट्मुना-गौमुल पर्यटकीय सडक निर्माण गरि गौमुल क्षेत्रमा पर्यटकहरूको आवागमनमा वृद्धि गरिनेछ।
- धार्मिकस्थल, धर्मशाला निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- हरेक वडामा आवश्यकताको आधारमा हेलिप्याड निर्माण गरिनेछ ।
- देउडा संस्कृति जगेर्ना गर्नका लागि स्थानीय सांस्कृतिक समूह गठन तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**(घ) उद्योग व्यापार व्यवसाय तथा आपूर्ति**

- गाउँपालिकामा उद्योग स्थापना तथा सञ्चालन रणनीतिक योजना तयार गरिनेछ ।
- हाल सञ्चालनमा रहेका साना तथा घरेलु उद्योगहरूको स्तरोन्नतीका लागि आर्थिक सहयोग उपलब्ध गराइनेछ ।
- अल्लो खेती विस्तारका लागि कृषक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
- गौमुल-जल प्रशोधन तथा बजारीकरणका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिनेछ ।
- परम्परागत आरन व्यवसाय, छाला व्यवसाय तथा सङ्गीत बाद्य-बाधनका सामाग्री तयार पेसा प्रवर्द्धनका लागि सहयोग उपलब्ध गराइनेछ ।
- आवश्यकताको आधारमा हरेक वडाका टोलहरूमा कुटानी-पिसानी मिल स्थापना तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**(ङ) श्रम, रोजगारी तथा सामाजिक सुरक्षा र सहकारी**

- अध्यक्ष सँग युवा उद्यमशिलता स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले तयार गरेको रोजगार रणनीतिले लिएका रणनीतिक स्तम्भहरूको आधारमा प्रस्तावित कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको अनिवार्य बिमा गर्नका लागि रोजगारदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- **एक वडा एक बहुउद्देश्यीय सहकारी** व्यवस्थापन कार्यक्रम अन्तर्गत लागत साझेदारीतामा आधारित अनुदान उपलब्ध गराइनेछ ।
- विपन्न घरपरिवार तथा अभिभावक विहीन बालबालिकाहरूलाई सहयोग उपलब्ध गराइनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक अल्पसंख्यक वर्गका लागि सहयोग गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## २. सामाजिक विकास तर्फ

**(क) शिक्षा, विज्ञान तथा नवप्रवर्तन**

- बाजुरा क्याम्पसमा अध्ययनरत गौमुल गाउँपालिकाका विद्यार्थीहरुलाई छात्रवृत्ति तथा निःशुल्क लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।
- शिक्षाको गुणस्तरता सुधारका लागि स्थानीय शिक्षा योजना तयारी गरि सोही अनुसार शिक्षा सुधारका कार्यहरु सञ्चालन गरिनेछ ।
- विद्यालय सुधार योजना तयारीमा सहयोग तथा अभिभावक-शिक्षक-बालबालिकाहरूलाई सामूहिक उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- हरित विद्यालयको अवधारणा अन्तर्गत विपद् व्यवस्थापन मैत्री भौतिक संरचना निर्माणमा विद्यालयहरूलाई सहयोग उपलब्ध गराइनेछ ।
- शिक्षकहरूलाई प्रविधि मैत्री शिक्षण प्रणालीमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिलाई नेतृत्व विकास तथा सुशासन विषयमा तालिम सञ्चालन गरिनेछ ।
- बाल विकास केन्द्रमा बालबालिकाहरूले शैक्षिक सामाग्री तयार गरि प्रदर्शनी मेलाको आयोजना गर्न बाल विकास केन्द्रहरूलाई सहयोग उपलब्ध गराइनेछ ।
- हरेक विद्यालयमा इको-क्लब गठन गरि उनीहरूलाई वातावरण मैत्री शिक्षाको सुनिश्चितताका लागि सहयोग उपलब्ध गराइनेछ ।
- विद्यालय स्वास्थ्य सचेतना अभियान अन्तर्गत **गौमुलकी छोरी, माध्यामिक शिक्षा पश्चात रोजगारी** कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि-पर्यटन-यातायात (कृपया) मोडेल अनुसार **कृषि-पर्यटनमा युवाको सहभागिता, स्थानीय स्वरोजगारीको सुनिश्चितता** अभियान सञ्चालन गरिनेछ ।
- **विपद्मा शिक्षाको सुनिश्चितता** अन्तर्गत एक वडा एक विद्यालयलाई नमूना विद्यालय तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**(ख) स्वास्थ्य तथा पोषण**

- हाल सञ्चालनमा रहेको आधारभूत अस्पत्तालमा उच्च क्षमताको जेनेरेटर जडान गरि २४ सै घण्टा विद्युत आपूर्तिको व्यवस्था मिलाइने छ ।
- निर्माण सम्पन्न भैसकेको दश शैया अस्पतालमा विद्युत जडान गरि अस्पताल सञ्चालनमा ल्याइनेछ।
- आधारभूत अस्पतालमा आवश्यक प्रविधि जडान गरि स्वास्थ्य उपचारलाई स्थानीयस्तरमा नै थप गुणस्तरीय बनाइनेछ ।
- आधारभूत अस्पतालमा टेलिमेडिसिन उपचार प्रणालीको व्यवस्थापन गरि केन्द्रबाट दूर्गममा आधुनिक उपचार सुचारु गरिने छ ।
- स्वास्थ्य चौकीहरुमा प्रविधि जडान गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- आयुर्वेद उपचार पद्धतिको विस्तारका लागि समुदाय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक वडा एक प्रसूति गृह सञ्चालनका लागि पूर्वाधार तयार गरिनेछ ।
- समुदायमा पोषण सुधारका लागि खानपान र रहनसहनमा बानी सुधारमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ ।
- समुदायस्तरमा योग शिविरहरू सञ्चालन गरिनेछ ।
- ग्रामिण समुदायमा कार्यरत स्वास्थ्यकर्मिहरुका अनुभव आदान-प्रदान गर्ने र एमबिबिएस डाक्टरबाट प्रशिक्षण मार्फत दुर्गममा सहि उपचारको सुनिश्चितताका लागि वर्षमा २ पटक **<u>निरन्तर मेडिकल शिक्षा</u>** (Continuous Medical Education-CME) कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ग) खानेपानी तथा सरसफाइ**

- खुल्ला दिशामुक्त क्षेत्र घोषणा पश्चातको अवस्था अध्ययन गरि सामुदायिक सरसफाइ सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- निर्माण सम्पन्न भइ जीर्ण बन्दै गएका खानेपानीका आयोजनाहरुको नियमित मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- खानेपानीका मूल संरक्षण कार्यमा स्थानीय समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै मूल पहिचान तथा वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरेक विद्यालयमा अपाङ्गतामैत्री, लैङ्गिकमैत्री शौचालय निर्माण गरिनेछ ।

**(घ) महिला बालबालिका तथा लक्षित वर्ग**

- महिलाको सम्पत्तिमा अधिकार सुनिश्चितताका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरूको राजनीतिमा सहभागिता वृद्धि तथा नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला तथा किशोरीहरूको आर्थिक अवस्था सुधारका लागि विभिन्न स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालमैत्री वडा घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण(जेसी) परीक्षण मार्फत लैङ्गिक उत्तरदायी बजेट मापन गरिनेछ ।

**(ङ) युवा तथा खेलकुद**

- पालिका तथा वडा स्तरीय खेल मैदान निर्माण तथा मर्मत गर्ने कार्य सञ्चालन गरिनेछ ।
- पालिका कप/वडा कप आयोजना गरि युवाहरूलाई खेल तर्फ उत्प्रेरणा दिइनेछ ।
- हरेक विद्यालयमा खेलमैदान निर्माण तथा मर्मत गर्ने कार्य सम्पन्न गरिनेछ ।
- युवाहरुको क्षमता अभिवृद्धिका लागि प्रस्तावना लेखन तथा व्यवसायिक योजना निर्माण सम्बन्धी कार्यशाला सञ्चालन गरि परामर्शदाताको रुपमा विकास गरिनेछ ।
- हरेक वडामा टोल विकास संस्था गठन गरि सबै गैह्र सरकारी संघसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरू ती टोल विकास संस्था मार्फत एकद्वार प्रणाली अनुसार कार्यक्रम सञ्चालन गरिनेछ।

**(च) जलवायु परिवर्तन स्थानीय अनुकुलन**

- खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न जलवायु-स्मार्ट कृषि तथा कृषि-वन प्रणाली, प्राकृतिक स्रोतहरूको दिगो उपयोग लगायत सामुदायिक वन व्यवस्थापनका र बातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछन।

- यस गाउँपालिकामा भएका सामुदायिक बन तथा कबुलियती बनको विधान तथा कार्ययोजना नविकरण तथा कार्ययोजना निर्माणमा सहयोग गरिनेछ ।
- गाउपालिकाका सतप्रतिशत घरधुरीहरुमा सुरक्षित खानेपानीको ब्यवस्था गरिनेछ ।
- गाउपालिकाका सिचिंत योग्य जमिनहरुमा सिचाइ सुविधाको ब्यवस्था गरिनेछ ।
- गाउपालिकामा बहुउपयोगी योजना निर्माण गर्ने कार्यलाई अबलम्बन गरिनेछ ।
- वातावरण संरक्षणका क्रियाकलापहरु (पानी पुर्नभरण खाल्डो बृक्षारोपण) सञ्चालन गरिनेछन ।
- गाउँपालिकाले तयार पारेको जलउपयोग गुरुयोजनालाइ समिक्षा गर्दै विधमान सबै खाले खानेपानी सिँचाइ लगायतका जलस्रोत सम्बन्धी योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अधावधिक गरी सबै समितिहरुलाइ जलस्रोत नियमानवली बमोजिम दर्ता एवम् अधावधिक र नविकरण गर्ने व्यवस्था मिलाइ गाउँपालिका स्तरमा सो क्षेत्रको सुचना व्यस्थापन प्रणाली स्थापना गरिनेछ ।
- गाउँपालिकामा खानेपानीको पहुँच पुर्याउन १ घर १ धाराको अवधारणालाइ अबलम्बन गरिनेछ।
- निर्माण सम्पन्न भएका योजनाहरुलाइ पुर्न सुधार तथा मर्मत सम्भारको कामलाइ निरन्तरता दिइनेछ।
- निर्माण सम्पन्न भै सकेर समुदायमा हस्तान्तरण भएका खानेपानी आयोजनाहरुको निरन्तर रेखदेख तथा मर्मत सुधार गर्ने र सरसफाइ स्वच्छता भएको समाज निर्माण गर्न सजिलोको लागि संयन्त्र तयार पारिनेछ ।
- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मुल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका लाई पुर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाइ पूर्ण सरसफाइ उन्मुख तथा विध्यालयहरुलाइ तीन तारा पद्धतीमा विकास गर्न बडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ ।
- विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामाररीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पनीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ।
- लैगिक समानता कायम गर्नका लागि हरेक क्षेत्रमा समावेशितालाइ बिशेष जोड दिइनेछ । उपभोक्ता समिती समुह संस्थामा मुख्य पोस्टहरुमा अनिवार्य महिला समावेशको निती लिइनेछ ।

## ३. पूर्वाधार विकास तर्फ

### (क) वस्ति विकास तथा सार्वजनिक निर्माण

- गाउँपालिकामा एकीकृत वस्ति विकासका लागि सम्भाव्यता अध्ययन गरि सो को प्रतिवेदनको आधारमा वस्ति विकास योजना तयार गरिनेछ ।

- विभिन्न कारणले घर विहीन हुन पुगेका घरपरिवारका लागि लागत साझेदारी मार्फत घर निर्माण कार्यमा सहयोग उपलब्ध गराइनेछ ।
- खरको छानामुक्त पालिका घोषणा गर्ने कार्यका लागि अति विपन्न घरपरिवारलाई सहयोग उपलब्ध गराइनेछ ।
- सार्वजनिक शौचालय, बसपार्क तथा प्रहरी चौकी निर्माण कार्य अगाडि बढाइनेछ ।

**(ख) सडक, पुल तथा यातायात**

- प्रत्येक स्वास्थ्य संस्था, विद्यालय सम्म सडक पुऱ्याउने नीति अनुरुप सडकका नयाँ ट्र्याक तथा मर्मत कार्य सम्पन्न गरिनेछ ।
- गाउँपालिका केन्द्र घट्मुना देखि प्रत्येक वडा केन्द्र सम्मको सडकलाई स्तरोन्नती गरि बाह्रै महिना यातायात सञ्चालनको सुनिश्चितता गरिनेछ ।
- फनपार्क–गाउँपालिका केन्द्र–दश शैया अस्पताल बाटो बाह्रै महिना सञ्चालनमा आउने गरि सडक स्तरोन्नती गरिनेछ ।
- झोलुङ्गे पुल निर्माण तथा मर्मतका कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- घट्मुना–गौमुल सडक निर्माणलाई पालिका गौरबको योजना अन्तर्गत पहिलो प्राथमिकतामा राखि निर्माण कार्य शुरु गरिनेछ ।

**(ग) जलश्रोत विद्युत तथा वैकल्पिक ऊर्जा**

- राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि नेपाल विद्युत प्राधिकरणसँग नियमित समन्वय र सम्पर्क गरिनेछ।
- गाउँपालिकामा निर्मित जलविद्युत आयोजनाहरूको नियमित मर्मत सम्भारका कार्यहरू सञ्चालन गरिनेछ।
- विभिन्न संघसंस्थाहरुमा वैकल्पिक ऊर्जा जडान कार्य सम्पन्न गरिनेछ ।
- समुदायमा सुधारिएको चुल्होको प्रयोगका फाइदा र सुधारिएको चुल्हो तयारी कार्यमा प्राविधिक सहयोग गरिनेछ ।

**(घ) सूचना, सञ्चार तथा प्रविधि**

- गाउँपालिकामा निर्माण सम्पन्न भएका टेलिकम टावरहरूको क्षमता वृद्धिका लागि सम्बन्धित निकायहरूसँग नियमित समन्वय र सम्पर्क गरिनेछ ।
- गाउँपालिकालाई प्रविधिमैत्री पालिकाको रूपमा विकास गर्न सूचना तथा प्रविधि शाखामा आधुनिक उपकरण जडान तथा विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूमा इन्टरनेटको सुविधा विस्तार गर्न आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- गाउँपालिकामा सूचना तथा सञ्चारको क्षेत्रमा उद्यमशिलता स्थापना गर्न चाहने युवाहरूलाई लागत साझेदारीतामा सहयोग उपलब्ध गराइनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन र जलवायु उत्थानशीलता तर्फ

- सबै प्रकारका वनहरूको एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि सबै सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गरिनेछ ।

- सामुदायिक वनहरूको व्यवस्थापनका लागि **<u>वन कार्ययोजना</u>** निर्माणका लागि समन्वय र सहजीकरण गरिनेछ ।
- खाली जग्गामा वृक्षा रोपन, हरियाली प्रवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि सामुदायिक विद्यालय-सरोकारवाला निकाय-गाउँपालिकाको निरन्तर समन्वय र सहकार्यका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न कृषि तथा पशुपन्छि पालन कार्यक्रमहरू सञ्चालन गर्न प्रविधि र स्थानीय स्रोत साधनको प्रयोगमा आधारित योजनाहरू तयार गरि कार्यान्वयन गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय, रेडक्रस तथा जिल्ला स्थित सबै सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।
- **<u>एक वन एक एकीकृत नर्सरी व्यवस्थापन</u>** कार्यक्रम अन्तर्गत केन्द्रीय तथा प्रदेशस्थित निकायहरूसँग सहकार्य गरि फलफूल तथा वनस्पत्ती बिरुवा उत्पादन तथा ढुवानी गरि वितरण गरिनेछ ।
- जोखिममा रहेका वन, जलाधार लगायतका प्राकृतिक स्रोतहरूको संरक्षणका लागि तटबन्ध तथा अन्य रोकथामका कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि पालिका तथा वडास्तरमा ल्याण्डफिल साइट निर्माण गरि निश्चित स्थानमा मात्र फोहर विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।
- सबै प्रकारका वनमा आगलागी नियन्त्रण तथा रोकथामका लागि अग्नीरेखा तयार गर्ने तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### ५. संस्थागत विकास तथा सुशासन तर्फ

- गाउँपालिकाको एकीकृत पालिका प्रोफाइल तयार गरि सबै शाखाको छुट्टाछुट्टै तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मनोवल वृद्धिका लागि प्रोत्साहन स्वरुप प्रोत्साहन भत्ता उपलब्ध गरिनेछ ।
- सामाजिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम नियमितरुपमा सञ्चालन गर्ने र प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको क्षमता विकास योजना तयार गरि सोही अनुसार पदाधिकारी तथा कर्मचारीको नियमित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- करदाता शिक्षालाई समुदायस्तर सम्म विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।
- राजश्व सुधार योजना तयार पारी राजश्वका दायराहरु फराकिलो पारी राजश्व संकलनमा सुधार गरिनेछ।

- उत्कृष्ट कर्मचारी प्रोत्साहन कार्यक्रम अन्तर्गत कार्य सम्पादन मूल्याङ्कनको आधारमा कर्मचारी पुरस्कृत कार्य सम्पन्न गरिनेछ ।
- स्थानीयस्तरमा न्यायिक सम्पादन कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न स्थानीय युवाहरूको क्षमता अभिवृद्धि गरि मेलमिलापकर्ताको रूपमा परिचालन गरिनेछ ।
- नतिजामा आधारित मूल्याङ्कन तथा अनुगमन प्रणालीको विकास गर्न अनुगमन तथा मूल्याङ्कन कार्यविधि अद्यावधिक गरि कार्यान्वयन गरिनेछ ।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षणलाई वैज्ञानिक विधिबाट सम्पन्न गरि सोही अनुसार सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन पहल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

यस नीति तथा कार्यक्रममा प्रस्तावित कार्यक्रमहरू कार्यान्वयनमा प्रत्यक्ष योगदान पुऱ्याउने नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार र आफ्नो अमूल्य समय दिइ योजना छनौटको हरेक चरणमा रचनात्मक सल्लाह सुझाव दिनु हुने समग्र गौमुलबासी प्रति हार्दिक आभार व्यक्त गर्दछु । गौमुलको विकासमा विभिन्न समुदाय विकासका कार्यक्रम मार्फत गाउँपालिकासँग समन्वय र सहकार्य गर्नु हुने स्थानीय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, स्थानीय निजी लगानीकर्ताहरुलाई धन्यबाद् दिदै आगामी दिनमा पनि यस नीति तथा कार्यक्रमले तय गरेका कार्यक्रमहरू सम्पन्न गर्न सहकार्यका लागि हार्दिक स्वागत गर्न चाहन्छु ।

अन्तमा, प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले मात्र गौमुल समृद्ध बनाउने दीर्घकालीन सोच पूरा हुने बाटोमा अगाडि बढ्न सम्भव हुने भएकोले यहाँ प्रस्तुत कार्यक्रमको व्यवहारिक कार्यान्वयनमा सबैको उल्लेखनीय योगदान रहनेछ भन्ने कुरामा पूर्ण विश्वासका साथ सबैको सकारात्मक सहयोगका लागि हार्दिक अपिल पनि गर्दछु ।

धन्यबाद् ।

मिति: २०८२ असार १० गते

हरि बहादुर रोकाया
**अध्यक्ष**
गौमुल गाउँपालिका
घट्मुना, बाजुरा ।